# जिल्ला समन्वय समितिको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

फोन नं. ०७१-५७१४२३
ईमेलः rupandehi.ddc@gmail.com

प.सं. २०८३/८४ मितिः २०८३।०४।२१
च.नं. ३३ ने.सं.११४६

**विषयः- स्वतः प्रकाशन सम्बन्धमा ।**

श्री राष्ट्रिय सूचना आयोग ,
उद्योग परिसर ,त्रिपुरेश्वर,काठमाडौं|

उपर्युक्त सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम यस कार्यालयबाट २०८३ बैशाख १ देखि असार मसान्त सम्म सम्पादन भएका कार्यहरुको विवरण प्रकाशन गरि सोको एक प्रति यसै साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध छ |

०८।२९

..........................
सुरेश भण्डारी
शाखा अधिकृत

**बोधार्थः**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौ ।
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही|
श्री जिल्ला हुलाक कार्यालय, रुपन्देही ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम २०८३ साल वैशाख १ गते देखि असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण




जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही ।

मिति २०८३।०४।०१३

सुरेश भण्डारी
शाखा अधिकृत

# स्वतः प्रकाशन

## (Proactive Disclosure)


लोकतन्त्रलाई संस्थागत गर्ने कार्यका लागि सूचना प्रवाहलाई महत्वपूर्ण औजारको रुपमा लिन सकिन्छ । सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभूत गरे अनुरुप राज्यबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकहरुको पहुँचलाई सरल र सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ को नीतिगत व्यवस्था समेत भएको छ । नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको साझा आकांक्षालाई पुरा गर्ने दीर्घकालिन सोचको साथ केन्द्रिय सरकारको प्रतिनिधीको हैसियतले संघ,प्रदेश तथा स्थानीय सरकार र सरकार अन्तर्गतका निकायहरुसँग उचित समन्वय गर्ने कार्य जिल्ला समन्वय समितिको कार्यालयले गर्दै आएको छ । सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीबाट मिति २०८३ वैशाख १ गतेदेखि असार मसान्तसम्म सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुको जानकारी आम नागरिकलाई होस भन्ने अभिप्रायका साथ तयार गरिएको छ ।

सुरेश भण्डारी
शाखा अधिकृत

## १. रुपन्देही जिल्लाको सामान्य परिचयः

रुपन्देही नेपालको लुम्विनी प्रदेश अन्तरगत पर्ने एक जिल्ला हो । समुद्री सतहबाट १०० मिटरदेखि १२१९ मिटरको उचाईसम्म फैलिएर रहेको यो जिल्ला ८३⁰ १२'१६" देखि ८३⁰३८' ७" पूर्वी देशान्तर र २७° २०' ००" देखि २७°४७'२५" उत्तरी अक्षांश बीचमा अवस्थित छ । १३६० बर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गरिएको छ । पूर्वमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल र रामग्राम नगरपालिका तथा पाल्हिनन्दन गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिका, पाल्पा जिल्लाको तिनाउ, माथागढी र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लासँग सिमाना जोडिएको छ । भैरहवा (सिद्धार्थनगर) यस जिल्लाको सदरमुकामको रुपमा रहेको छ ।यस जिल्लामा १ उपमहानगरपालिका, ५ नगरपालिका र १० गाउँपालिका गरी १६ वटा स्थानीय तहहरु रहेका छन । साथै संघिय निर्वाचन क्षेत्र ५ र प्रदेश निर्वाचन क्षेत्र १० वटा रहेका छन ।

२०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ११२१९५७ रहेको छ जसमध्ये महिला ५७१४७९ (५०.९%) र पुरुष ५५०४७८ (४९.१%) रहेका छन जसमा लैङ्गिक अनुपाल ९६.३३ (पुरुष प्रति महिलामा) देखिन्छ । बार्षिक जनसंख्या बृद्धिदर २.३३% र जनघनत्व ८२५ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । जिल्लाको कुल क्षेत्रफलमध्ये ८२६२२ हेक्टर खेतियोग्य जमिन रहेको छ भने वनले ओगटेको क्षेत्रफल २५१०५ हेक्टर रहेको छ ।



**2. जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको स्वरुप र प्रकृतिः**

नेपालको संविधान,२०७२ को धारा २२० को उपधारा (१) मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ भनी उल्लेख भएको ।त्यस्तै उपधारा (२) ले उक्त सभामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख सदस्य रहने व्यवस्था गरेको । उपधारा (३) मा जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा ती जना महिला र कम्तीमा एकजना दलित वा अल्पसंख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था गरेको ।उसै सन्दर्भमा जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी प्रशासनिक लगायतका कार्य गर्नका लागि प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय रहने भन्ने व्यवस्था भएबमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही स्थापना भएको हो । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने यस कार्यालयको मुख्य उद्देश्य रहेको छ ।

**3. जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको काम, कर्तव्य र अधिकारः**

नेपालको संविधान, प्रचलित ऐन, कानून र कार्यविधिमा जिल्ला सभाको काम कर्तव्य र अधिकारका सम्बन्धमा स्पष्ट रुपमा व्यवस्था भएको र जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (२) मा उल्लेख भएको सन्दर्भमा जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

**क. नेपालको संविधान,२०७२ को धारा २२० को (७) बमोजिमः**

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने।

सुरेश भण्डारी
शाखा अधिकृत

**ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ बमोजिमः**


नेपालको संविधान,२०७२ को धारा २२० को (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाविचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्ने आवश्यक समन्वय गर्ने,
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्ने आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रको बिकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाब दिने,
- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

...श भण्डारी

**4. जिल्ला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरणः**

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको संगठन संरचनाः




सुरेश भण्डारी
शाखा अधिकृत

**जिल्ला समन्वय समितिको दरबन्दी तेरिजः**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| 2. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १ | |
| 3. | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | जनरल | १ | |
| 4. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | |
| 5. | लेखा सहायक | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | |
| 6. | सव इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जि. | सिभिल | जनरल | १ | रिक्त |
| 7. | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| 8. | हलुका सवारी चालक | श्रेणीविहिन | | | | २ | |
| 9. | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ३ | |
| 10. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रमुखको निजी सचिवालय | | | १ | करार |

**4. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः**

**5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारीको नाम,थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | व्यवस्थापन शाखा | सुरेश भण्डारी | शाखा अधिकृत | ९८५७०४९८४४ | |
| 2. | अनुगमन तथा मूल्याङ्कन शाखा | सूर्य प्रशाद भण्डारी | इन्जिनियर | ९८५७०३१३६४ | |

**6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**

यस कार्यालयबाट प्रदान गरिने कुनैपनि सेवा बापत शुल्क लाग्ने छैन ।

**7. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सरकारि निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन २०६४ र सूचनाको हकसम्बन्धी ऐन २०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम ।

**8. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

निर्णय उपर उजुरी सुन्ने अधिकारीः जिल्ला समन्वय अधिकारी

सुरेश भण्डारी
शाखा अधिकृत

**9. सम्पादन गरेको कामको विवरणः**

मिति २०८३ वैशाख १ गतेदेखि मिति २०८३ असार मसान्तसम्मको त्रैमासिक अवधीमा यस कार्यालयबाट सम्पादित कामको विवरण निम्नानुसार रहेको छ ।

- त्रैमासिक अवधीमा २ वटा घुम्ती बैठक सम्पन्न
- जिल्ला समन्वय समिति बैठक ५ वटा सम्पन्न
- बेरुजु फर्छ्यौट सम्बन्धी काम निरन्तर रुपमा भैरहेको
- स्थानीय तहहरुसँग बिभिन्न विषयहरुमा समन्वय तथा सहजीकरण
- रुपन्देही जिल्लाका बिभिन्न स्थानीय तहहरुमा संचालित योजनाहरुको अनुगमन
- नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको १ वटा बैठक सरोकारवाला स्थानीय तहहरु समेतको सहभागितामा सम्पन्न
- जिल्ला समन्वय समितिको कार्यालय सिद्धार्थनगर नगरपालिकाबाट ओमसतिया गाउँपालिकामा सारी कार्य सुचारु गरीएको ।

**10. सूचना अधिकारी र प्रमुखको नाम र पदः**

सूचना अधिकारीको नामः सुरेश भण्डारी शाखा अधिकृत

कार्यालय प्रमुखको नामः यमबहादुर कुँवर जिल्ला समन्वय अधिकारी

**11. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५ (लुम्बिनी प्रदेश)
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली,२०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्बिनी प्रदेश)

**12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

| विनियोजन संघ | | कार्यसंचालन कोष ख-६ | |
|---|---|---|---|
| कुल बजेटः | १५,९१२,०००/- | कुल बजेटः | २०७,६९३,५३७/- |
| त्रैमासिक खर्चः | १५,०५८,४६१/- | खर्चः | २५,७३९,१७५/- |

| विनियोजन प्रदेश | | |
|---|---|---|
| कुल बजेटः | ५००,०००/- | |
| त्रैमासिक खर्चः | ३,९३९,८४१/- | |

सुरेश भण्डारी
शाखा अधिकृत